"कृषकलाई जग्गा सबैलाई घर, व्यवसायिक खेती, खाद्यमा आत्मनिर्भर"

भूउपयोग योजना

२०७८

वेलका नगरपालिका

उदयपुर



BELAKA MUNICIPALITY, UDAYAPUR DISTRICT



दस्तावेज	:	भूउपयोग योजना-२०७८
सर्वाधिकार	:	© **वेलका नगरपालिका**, उदयपुर
आर्थिक तथा प्राविधिक सहयोग	:	सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपाल
आवरण तस्बिर	:	वेलका नगरपालिका वडा नं. ८ र सप्तकोशी नदी

विषयसूची

खण्ड क : आधारपत्र १
१. पृष्ठभूमि १
२. भूउपयोग योजना तर्जुमाको क्षेत्र र प्रक्रिया १
३. विद्यमान स्थिति १
क. घरपरिवार तथा जनसंख्या २
ख. विद्यमान भूमिको वस्तुस्थिति २
अ. कृषि क्षेत्र ३
आ. बसोबास क्षेत्र ३
इ. व्यवसायिक क्षेत्र ४
ई. औद्योगिक क्षेत्र ४
उ. खानी तथा खनिज क्षेत्र ५
ऊ. वन क्षेत्र ५
ए. नदी, ताल तथा सिमसार क्षेत्र ५
ऐ. सार्वजनिक उपयोगको क्षेत्र ६
ओ. सांस्कृतिक तथा पुरातात्विक क्षेत्र ६
ग. कृषि उत्पादन र खाद्य स्थिति ६
घ. बैंक तथा वित्तीय संस्था ८
ङ. पेशा/व्यवसाय ८
४. स्थिति विश्लेषण ८
खण्ड ख : सोचपत्र १३
५. दीर्घकालीन सोच १३
६. लक्ष्य १३
७. उद्देश्य १३
८. रणनीति र कार्यनीति १३
खण्ड ग : नक्शा १४
९. अद्यावधिक भूउपयोग क्षेत्र नक्शा १४
क. वडा अनुसार विद्यमान भूउपयोग नक्शा १४
ख. भूक्षमता नक्शा १९
ग. जोखिम नक्शा २०
खण्ड घ : योजना २१
१०. कार्यक्रम र क्रियाकलाप २१
११. कार्यान्वयन २५
१२. अनुगमन तथा मूल्यांकन २५
१३. सन्दर्भ सामग्री २६



(क) भौगोलिक स्थिति

अक्षांश : २६ डिग्री ४२ मिनेट ०९ सेकेण्ड देखी ८६ डिग्री ५५ मिनेट २९ सेकेण्डसम्म उत्तर

देशान्तर : २६ डिग्री ५५ मिनेट ३८ सेकेण्ड देखी ८७ डिग्री १० मिनेट ०६ सेकेण्डसम्म पूर्व

क्षेत्रफल : ३४४.७३ वर्ग कि.मि.

उचाइ : १२६.२ मिटरसम्म

(ख) भौगोलिक सिमाना

पूर्व : सप्तकोशी नदी र चौदण्डीगढी नगरपालिका

पश्चिम : देउराली डाँडा, बराह नगरपालिका

उत्तर : सुनकोशी नदी, आमचोक गाउँपालिका र साँगुरीगढी गाउँपालिका

दक्षिण : त्रियुगा नदी, सप्तकोशी गाउँपालिका, रामधुनी गाउँपालिका

(ग) जनसंख्या

घरधुरी : १०,२९९, जम्मा जनसंख्या : ५४,११९ (महिला : २६,४४३ पुरुष : २७,६७६

खण्ड क : आधारपत्र

१. पृष्ठभूमि :

भूउपयोग ऐनको दफा ६ (१) मा प्रत्येक स्थानीय तहले भूउपयोग योजना तर्जुमा गर्नु अघि भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार विकासको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गरी दीर्घकालीन भूउपयोग योजनाको आधारपत्र तयार गर्नु पर्ने व्यवस्था छ ।

भूउपयोग भनेको भूमिसँग मान्छेले गर्ने अन्तक्रिया अर्थात व्यवहार हो । उत्पादन, व्यवस्थापन र विकासका क्रममा भूमिमा गरिने क्रियाकलाप नै भूमिसँगका व्यवहार हुन् । भूमि भन्नाले सतहमात्र नभै जल, जमीन, वनस्पति र जलवायू अर्थात वातावरण समेतलाई बुझ्नुपर्छ । भूमिको क्षमता र गुण यसको अवस्थिति र वातावरण अर्थात क्षेत्र अनुसार फरक फरक हुन्छ । भूउपयोग योजना भनेको भूमिबाट महत्तम लाभ लिन भूमिलाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी प्रयोगमा ल्याउने प्रक्रिया हो ।

स्थानीय तहमा भूउपयोग योजना तर्जुमा गर्दा अपनाइने चार चरण मध्ये पहिलो चरण भूउपयोग योजनाको आधारपत्र तर्जुमा हो । भूउपयोग योजनाको आधारपत्र दिगो लाभका लागि गरिने विवेकपूर्ण निर्णययुक्त दीर्घकालीन योजनाको लागि आधारभूत सूचना उपलब्ध गराउने दस्तावेज हो । यस अघि वेलका नगरपालिकाले तयार गरेको भूउपयोग सोचपत्रको आधारमा पनि यो योजनाको आवश्यकता रहेको छ । भूउपयोग योजना विना भूमिहीन, सुकुम्बासी दलित भूमिहीन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्न सकिदैन । साथै जमिनको दिगो उपयोग र व्यवस्थापनको लागि यो योजना आवश्यक छ । त्यसैले उल्लेखित आधारहरुमा यो वेलका नगरपालिकाको भूउपयोग योजना तर्जुमा गरी जारी गरिएको छ ।

२. भूउपयोग योजना तर्जुमाको क्षेत्र प्रक्रिया

वेलका नगरपालिकाको यो पहिलो भूउपयोग योजना हो । यसमा भूउपयोग योजना तर्जुमा गर्नको लागि विद्यमान भूपयोगको अवस्था र गन्तव्य पहिचान गर्ने आधारभूत सूचनाहरु एकीकृत गरि यो भूउपयोग योजना तयार गरिएको छ । भूउपयोग योजना तर्जुमाको लागि आवश्यक भूस्वामित्व, भूमिको विद्यमान उपयोग, उत्पादन स्थिति र आवश्यकता, धार्मिक, साँस्कृतिक, पुरातात्विक, पर्यटकीय तथा प्राकृतिक सम्पदाको सरंक्षण र उपयोग, सुरक्षित एवं व्यवस्थित वस्ती र पूर्वाधार विकासका क्षेत्रहरु यसमा समावेश गरिएको छ ।

सुरुमा नगरपालिकाको कार्यपालिका टिमलाई भूउपयोग येजनाको महत्व, उद्धेश्यको बारेमा अभिमुखीकरण गरिएको थियो । कार्यपालिका टिमले भूउपयोग योजना तर्जुमाका लागि एक कार्यदल बन्यो । उक्त कार्यदलको अगूवाईमा भूउपयोग योजना तर्जुमाको लागि वेलका नगरपालिकाका वडाहरुको स्थलगत अवलोकन, सम्वन्धित वडा अध्यक्ष र सदस्यहरुसँग अन्तर्क्रिया, नगरपालिकाको वस्तुगत विवरण, २०७५, आवधिक योजना, २०७६, नापी बिभाग (नापी तथा भूउपयोग व्यवस्थापन महाशाखाको प्रतिवेदन २०७७ को अध्ययन, विश्लेषण र भूउपयोग योजनाका लागि आवश्यक तथ्याँक र विबरण संकलन गरियो । भूउपयोग योजना मस्यौदालाई नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु अगुवा नागरिक तथा राजनीतिक दलका प्रतिनिधिहरुसँग छलफल गरियो । भूउपयोग क्षेत्र नक्शाको बारेमा वडागत रुपमा छलफल गरी अद्यावधिक गरियो । यस नगरपालिकाको भूउपयोग परिषद्को बैठकले भूउपयोग योजना पारित गरी लागु गरेको छ ।

३. विद्यमान स्थिति

भूउपयोग योजनाको पुरक खण्डका रूपमा भूउपयोगसँग सम्बन्धित भूउपयोग स्थिति, कृषि क्षेत्र, जनसङ्ख्या, पेसा/व्यवसाय, सडक, खाद्य सुरक्षा, नदी उकास र जोखिम क्षेत्रको अवस्था, भूमि मागको अवस्था, संरक्षण र वातावरणीय स्वच्छता लगायत विषयमा सूचना सङ्कलन गरी विद्यमान स्थिति आकलन गरिएको छ ।

क. घरपरिवार तथा जनसंख्या

२०६८ को जनगणनाअनुसार वेलका नगरपालिकामा ८९३० घरधुरी र कुल जनसङ्ख्या ४२,३४६ थियो । नगरपालिकाले २०७५ मा गरेको घरधुरी सर्वेक्षणअनुसार १०,२२९ घरधुरी र १०,३७३ परिवार छन् । १४४ परिवार संयुक्त रुपमा बसेको देखिन्छ । त्यस्तै कूल जनसंख्या ५४,११९ मध्ये २६,४४३ महिला र २७,६७६ पुरुष छन् । यसरी हेर्दा नगरपालिकाको जनसङ्ख्या पछिल्लो ७ वर्षमा २७७ प्रतिशतले बढेको देखिन्छ ।

यहाँको जनसँख्याको वार्षिक वृद्धिदर ०.५ प्रतिशत रहेको छ । सबै भन्दा बढी वडा नम्बर ५ मा १.० प्रतिशत र सबैभन्दा कम वडा नं ७ मा (-) ०.२ प्रतिशत बृद्धिदर रहेको छ । परिवारको औसत आकार ५.२ छ । जुन राष्ट्रिय औसत ४.८८ भन्दा बढी छ । यस नगरपालिकामा ८४ प्रतिशत पुरुष र १६ प्रतिशत परिवारमा महिला घरमुली छन् ।

वेलका नगरापालिकामा राई, क्षेत्री, दलित, थारु, ब्राम्हण, मगर, तामाङ, नेवार, सदा, लिम्बु, यादव, भोटे, गुरुङ, ठकुरी मुस्लिम, दनुवार लगायत मिश्रित जातिको बसोबास छ । २०७५ मा नगरपालिकाले गरेको अध्ययन अनुसार जातजातीहरु मध्ये मुख्य तीन जाती २७.२ प्रतिशत राई, २४.६ प्रतिशत क्षेत्री र ११.७ प्रतिशत दलितको संख्या छ ।

बसाइ सराईको अवस्था हेर्दा १० वर्षको अवधिमा ६४१ जना अन्य ठाउँबाट नगरपालिकामा आएका र ३४१ जना नगरपालिकाबाट बाहिरिएका छन् ।

ख. विद्यमान भूमिको स्थिति

२०७६ मा नापी बिभागले तयार गरेको प्रतिवेदन अनुसार वेलका नगरपालिकाको कूल जमिन ३३,८५७.१८ हेक्टर (३४४.७३ वर्ग किमि) छ । जसमध्ये सवैभन्दा बढी ५५.३४ प्रतिशत वन तथा चरण र २९.३९ प्रतिशत कृषियोग्य जमिन छ । त्यस्तै सवै भन्दा थोरै०.०२ प्रतिशत जमिन सांस्कृतिक तथा पुरातात्विक क्षेत्रको लागि उपयोग गरिएको देखिन्छ । भूउपयोग ऐन, २०७६ अनुसार जग्गाको क्षेत्रको बिभाजन अनुसार भूउपयोग ढाँचाको विवरण तल उल्लेख गरिएको छ ।

भूउपयोग क्षेत्र	भूउपयोग उपक्षेत्र	उपक्षेत्र अनुसारको क्षेत्रफल (हे)	प्रतिशत	भूउपयोग क्षेत्रफल (हे)	प्रतिशत
कृषि क्षेत्र	अन्न बाली उत्पादन क्षेत्र	३८३७.६५	३८.५७	९९५१.१२	२९.३९
	नगदे बाली उत्पादन क्षेत्र	४२९४.५२	४३.१६		
	बागबानी क्षेत्र	५४०.९४	५.४४		
	पशु पालन क्षेत्र	१०४१.१७	१०.४६		
	माछा पालन क्षेत्र	०.००	०.००		
	कृषि वन क्षेत्र	२३६.८४	२.३८		
बसोबास क्षेत्र	बसोबास गरिरहेको क्षेत्र	४४७.९५	६३.३९	७०६.६३	२.०९
	बसोबासको लागि सम्भावीत क्षेत्र	२५८.६८	३६.६१		
व्यवसायिक क्षेत्र	सरकारी संस्था र सेवाका क्षेत्रहरु	४.१९	१७.२०	२४.३४	०.०७
	व्यापारिक क्षेत्र	२०.१६	८२.८०		
औधोगिक क्षेत्र	औधोगिक अर्न्तगत उपयोग क्षेत्र	६.७३	५७.२२	११.७५	०.०३
	सम्भावित औधोगिक क्षेत्र	५.०३	४२.७८		
वन क्षेत्र	हाल अवस्थित वन क्षेत्र	१७५७४.८३	९७.३२	१८०५८.२२	५३.३४
	बाँझो जमिन, सिमसार सहित सम्भावित वन क्षेत्र	४८३.४०	२.६८		

सार्वजनिक क्षेत्र	सडक, रेलवे, बसपार्क, एयरपोर्ट, र ल्याण्डफिल साईट अर्न्तगतका क्षेत्र	४०९.११	९१.३६	४४७.८१	१.३२
	खुला स्थान, पिकनिक स्थल, खेल मैदान	१७.१८	३.८४		
	सार्वजनिक विद्यालय, स्वास्थ्य, प्रहरी चौकी, पुस्तकालय, टेलिफोन, विद्यृत	२१.५१	४.८०		
खानी तथा खनिज क्षेत्र	वर्तमान खानी तथा खनिज क्षेत्र	३१.७५	०.०९	३१.७५	०.०९
सांस्कृतिक तथा पुरातात्विक क्षेत्र	वर्तमान सांस्कृतिक तथा पुरातात्विक क्षेत्र	६.६१	१००	६.६१	०.०२
नदी, ताल तथा सिमसार क्षेत्र	वर्तमान नदी, ताल तथा सिमसार क्षेत्र	४६१८.८६	१००	**४६१८.८६**	१३.६४
जम्मा				**३३८५७.१८**	**१००.००**

स्रोत : *नापी विभाग, २०७७*

अ. कृषि क्षेत्र

वेलका नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार खेतीयोग्य जमिनको अवस्था हेर्दा १००९३.०९ हेक्टर जमिन खेत, १०९२०.४१ हेक्टर पाखोबारी र ८७११.०२ हेक्टर जमिन ऐलानी रहेको छ ।

वडा नं.	जमिनको क्षत्रफल (हेक्टर		
	खेत	पखोबारी	ऐलानी
१	१५३४.३५	४५०.४३	१७१.४३
२	१४२७.३२	१७२.३१	६७१.४३
३	१०६१.६८	६३१.९२	१६९.८०
४	२००१.८५	२४२.४९	२१२.७७
५	१२००.७५	१७९६.३७	१९८५.२६
६	९५२.३२	२४१२.३७	३६४७.०४
७	२९७.३७	२०५८.१६	६.६०
८	५९५.१४	१४५६.३६	३००.६
९	१०२२.३१	१७००	१५४६.०९
जम्मा	**१००९३.०९**	**१०९२०.४१**	**८७११.०२**

स्रोत : *वेलका नगरपालिकाको वस्तुगत विवरण, २०७५*

नगरपालिकाको कुल खेतीयोग्य जमीनको ४३.७ प्रतिशत जमिनमा मात्र खेती गरिएको छ । ५६.३ प्रतिशत जमीन बाँझो छ । केहि जमीन नदी उकास भएको, लगभग ६५ प्रतिशत वनजंगल फडाँनी भएको, नयाँबस्ती विकास भएको र पर्याप्त सिंचाई सुविधा उपलब्ध नभएको कारणले अन्न कम उत्पादन हुने गरेको छ । यस नगरपालिकामा खेतीयोग्य जमिन मध्ये १३.२६ प्रतिशत जमीनमा बाह्रै महिना सिंचाइ उपलब्ध छ, भने मौसमी तथा असिंचित क्षेत्रफल ६.१८ प्रतिशत छ ।

आ. बसोबास क्षेत्र

वेलका नगरपालिकामा कुल जमिनमध्ये २.०९ प्रतिशत (७०६.६३ हेक्ट) जमिन आवास क्षेत्रको लागि उपयुक्त देखिन्छ । हाल आवासको लागि उपयोग गरेको ४४७.९५ हेक्टर जग्गामा १०,२२९ घरधुरीको बसोबास छ ।

भूमि सम्वन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ वमोजिम गठित आयोगको प्रयोजनको लागि संकलन भएको पछिल्लो तथ्यांक अनुसार ३२ भूमिहीन परिवार अर्काको जमीनमा, ६,१११ परिवार सरकारी

सार्वजनिक जग्गामा, ४,८३१ अव्यवस्थित परिवार सरकारी सार्वजनिक जग्गामा र ९१४ परिवार आफ्नै नम्बरी जग्गामा बसोबास गरेका छन् । अन्य जिल्लामा जग्गा जमीन र बसोबास भएपनि यस नगरपालिकामा सरकारी जग्गा कमोद गरेका तर बसोबास नगरेका परिवारको संख्या ९७४ रहेको छ । ती ९७४ मध्ये वडा नं. ६ मा २० परिवार मात्र छन् ।

इ. व्यवसायिक क्षेत्र

वेलका नगरपालिकाको कुल जमिनको ०.०७ प्रतिशत (२४.३४ हेक्टर) जमिन व्यवसाय क्षेत्र भित्र पर्दछ । यस नगरपालिकामा व्यापार र व्यवसायको हिसावले हेर्दा किराना व्यापारिक वस्तु विक्री केन्द्र, मासु विक्री तथा बधशाला, तरकारी तथा फलफूल विक्री केन्द्र, दुध चिस्यान तथा विक्री केन्द्र, निर्माण सामग्री, औषधी पसल तथा क्लिनिक, मर्मत सेवा केन्द्र, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स पसल, होटल तथा रेष्टुरेण्ट, कपडा र फेन्सी पसल रहेका छन् । साथै यस नगरपालिकामा कृषि सामग्री बिक्री तथा व्यवस्थापनको लागि ७ वटा वडामा हाट बजारहरु सञ्चालन गरिएको छ ।

पर्यटन

प्रत्येक वडामा कुनै न कुनै पर्यटकीय महत्वका स्थानहरु भएकोले यो नगरपालिका पर्यटकीय दृष्टिले प्रशस्त सम्भावना देखिन्छ । यस नगरपालिकाको प्रायः वडाहरुमा पर्यटकीय स्थलहरु छन् ।

भवरीदेवी मन्दिर, वेलका बाटीका, पानीर जलुवा (जरुवा), कोशी वन्यजन्तु आरक्ष क्षेत्र, थारु संग्राहलय, सुनखानी, रामलक्ष्मण मुल, भुतिया दह, प्रिती चौतारी, सितारानी भिर, रानी छाङ्गा, टंकेला गुफा, मैनामैनी मन्दिर, बराहाको प्रतिमा, कोहोलुङ झरना, पित्लाङ झरना, महांकाली मन्दिर, गोप्ताङ प्याराग्लाइडिङ, गल्फ मैदान, कोशी पुल, सुगा जरी, गिद्धे भिर (गिद्ध संरक्षण), चम्पाकोट डाडा, साकेला पार्क, फोहोर व्यवस्थापन तथा उद्यान, मुर्ती खोला, पानीट्यांकी चिडियाखाना र मुन्धुम पदमार्ग यस नगरपालिको महत्वपूर्ण पर्यटकिय क्षेत्र हुन् ।

यस नगरपालिकामा कोशी नदीमा ञ्याफ्टीङ तथा बोटिङ र बोप्ताङ डाँडाबाट प्याराग्लाईडिङ सञ्चालनमा आएको छ । त्यस्तै कोलुङ झरनाबाट क्यानोनिङ सञ्चालनमा आएको छ भने चेफा याता (बाँसको ञ्याफ्टिङ) सञ्चालनमा छ । जसले वेलका नगरपालिका भित्रका युवाहरुले रोजगारी पाउनुको साथै नगरपालिकामा आर्थिक स्रोतहरु भित्रिने क्रम बढेको छ । वडागत रुपमा हेर्दा अधिकांश पर्यटकीय स्थानहरु वडा नं ५, ६, ७ र ८ मा रहेका छन् ।

नगरपालिकामा हाल सम्म ३० वटा पर्यटकीय होटल तथा रिसोर्टहरु सञ्चालनमा रहेका छन् । त्यस्तै वडा नं. १ र २ मा १३ र वडा नं. ६ मा ५ गरी १८ वटा होमस्टे सञ्चालनमा आएका छन् ।

पूर्वाधारनिर्माणको लागि जमिनको व्यवस्था

हालै मात्र नगरपालिका घोषित भएकोले पूर्वाधारहरुको कमी छ । यद्यपी उदयपुर र सुनसरी जोड्ने कोशी पुल यस नगर पालिकाको सवभन्दा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको छ । भौगोलिक अवस्थिति र जमीनको बनोटका कारण यस नगरपालिकाले पर्याप्त सम्भावनाहरु बोकेको छ । यहाँको उव्जाउ जमिन र नदीउकास जमिन विभिन्न स्थानबाट आएका अव्यवस्थित र भूमिहीनहरुले लामो समयदेखि कमोत गरि आएका छन् । जग्गाको औपचारिक अभिलेखीकरण नभएको कारण बसोबास गरिआएका अधिकांश व्यक्तिले सामान्य घरवासमा गुजारा गरेको देखिन्छ । नगरका वडा नं. ५,६,७ र ८ पहाडी भूभाग शितल र पर्यटकीय प्रचुरताले भरिएको छ ।

ई. औद्योगिक क्षेत्र

नगरपालिकामा औद्योगिक क्षेत्रले ०.०३ प्रतिशत (११.७५ हेक्टर) जमिन ओगटेको छ । नगरमा १ सय ७५ उद्योग तथा कलखारखाना सञ्चालनमा रहेका छन् । सबै भन्दा बढी वडा नं. १ मा ३७ वटा र सबै भन्दा

कम वडा नं. ६ मा ७ वटा रहेको देखिन्छ । यसरी भएका उद्योगहरुमा लघु उद्योगको संख्या ४१ र घरेलु उद्योगको संख्या १० छ । बाँकी १२४ वटा उद्योगहरुको वर्गिकरण गर्न बाँकी छ ।

उ. खानी तथा खनिज क्षेत्र

वालुवा खानीका लागि त्रियुगानदी, कोशीटप्पु, गिदेरीखोला, धारा खोला, पथ्राखोला उपयुक्त देखिन्छ । त्यस्तै गिटीका लागि सेतीखोला, गिदेरी खोला, धारा खोला र सिसुवाखोला बढी उपयुक्त छ। सेतीखोला, सिसुवाखोला, कोसोपाखोला, गिदेरी खोला, मूर्ति खोला, जसोधाखोला ढुंगा खानीका लागि उपुक्त स्थान हो ।

वेलका नगरपाकिलाको वेलका जंगलमा सुनखानीको सम्भावना देखिएको छ । त्यस्तै वेलकाको वडा नं. ६ र ७ मा चुनढुङ्गा खानी रहेको छ । अहिलेसम्मको अध्ययन अनुसार वडा नं. ६ मा तामाखानीका लागि उपयुक्त देखिएको छ । र, सोही वडाको रानी छाँगामा कोइलाखानी छ ।

ऊ. वन क्षेत्र

नापी विभाग, टोपोग्राफिकल सर्भे र भूमि उपयोग व्यवस्थापन महाशाखाको २०७६ को तथ्यांक अनुसार ५३.३४ प्रतिशत (१८,०५८.२२ हेक्टर) जमिन वन क्षेत्रले ओगटेको छ । त्यस्तै वेलका नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार राष्ट्रिय वन २,८८३ हेक्टर, सामुदायिक वन ५७ वटा क्षेत्रफल १,०५१५ हेक्टर, २० वटा नीजिवनले १०,२४० हेक्टर जमिन ढाकेको छ । राष्ट्रिय वनबाट वर्षेनी ३६,००० क्यू.फिट काठ, सामुदायिक वनबाट ५,७८३ क्यू.फिट, २७,३६४ क्यू.फिट कुकाठ र ६५० केजी खयर उत्पादन हुन्छ ।

भित्री मधेश र महाभारत श्रृंखला समेत मिलेर बनेको हुँदा तल्लो कम उचाई भएका क्षेत्रमा साल, साज, करम, खयर, सतिसाल देखि लिएर उत्तरी अग्ला भूभागमा च्युरी, हर्रो, बर्रो, अमला, चिलाउने, कटुस आदि प्रजातिहरु पाईन्छन । यी वनजंगलहरु घांस, दाउरा र काष्ठका मुख्य स्रोतहरु हुन ।

चुरे क्षेत्रमा विशेष गरी काठ, दाउरा, घाँस र जडीबुटीहरु प्रसस्त मात्रमा पाईन्छ । नगरपालिका क्षेत्र भित्र वन फँडानी र नदि उकास भई खाली भएको जग्गाहरु मध्ये करिव २ हजार हेक्टर जग्गा वृक्षारोण गर्न सकिने देखिन्छ ।

ए. नदी, ताल तथा सिमसार क्षेत्र

वेलका नगरपालिकामा विभिन्न जलधारको क्षेत्रहरु छन् । वडा नं. ६ बाहेक अरु वडाहरुमा जलधार र उपजलाधारको क्षेत्रहरु छन् । यस पालिकामा नदी, ताल तथा सिमसार क्षेत्रले १३.६४ प्रतिशत (४६१८.८६ हेक्टर) क्षेत्रफल जमिन ओगटेको छ ।

नगरपालिकामा रहेका कालीखोला, भाल्वन्ती खोला, मगर्नी खोला, रंगिया खोला, पश्चिम भाल्वन्ती, पूर्वी वगाहा, ईलार खोला, पश्चिम बगाहा, बली खोल्सी, धारा खोला, पथ्राहा खोला, गिदेरी खोला, श्रीपुरे खोला, पुलिसनी खोला, सानो भसुवा, ठुलो भसुवा, रंगिया खोला, जोगिनी खोला, गिदेरी, कोशी भङ्गाल, कटारी खोला, अमन खोला, सिसुवा, मैनी खोला, रातमाटे खोला, बतासे खोला, गिदेरी खोला, कञ्चिरा खोला, मुर्ती खोला, लाफा खोला, बगुवा, बाब्युन खोला, कोशोपा खोला, बहेड्वा खोला, बगुन्द्र खोला, कोठु, पुर्वी सेती, पश्चिम सेती, डुड, खार, जरायो, जसोदा, मुर्ती खोला आदि नामका ठाडा खहरे खोलाहरु उव्जाउ जमीनको सुरक्षा, सुरक्षित बसोबास र सडक विकासका लागि चुनौती हुन् । यी खोलाका किनारहरुमा जोखिमपूर्ण बसोबास समेत छ । वडा नं २ मा धारा पथरा खोलाको निकास नै नरहने गरी आमोदकमोद भएको छ ।

सार्वजनिक पोखरी तथा माछापालनको अवस्था हेर्दा यस नगरपालिकामा १२६ वटा माछा पोखरी छन् । वडाअनुसार, वडा नं. १ मा ४ सार्वजनिक सहित ३४ वटा पोखरी छन् भने वडा नं ४ मा २८ वटा र वडा नं ५ मा १० वटा निजी पोखरी छन् । त्यस्तै वडा न. २ मा ३६ वटा पोखरीहरु छन् । यस नगरपालिका भित्र ७ वटा प्राकृतिक पोखरी र ताल तलैया छन् ।

ऐ. सार्वजनिक उपयोगको क्षेत्र

वेलका नगरपालिकाको भूउपयोग क्षेत्र मध्ये १.३२ प्रतिशत (४४७.८१ हेक्टर) जमिन सार्वजनिक रुपमा उपयोग गरिएको छ । वेलका नगरपालिकाको वडा नं. १ देखि ९ सम्म १ वटा सामुदायिक घर निर्माण सम्पन्न र बाँकी ८ वटा वडामा सामुदायिक घर निर्माण भईरहेका छन् । विभिन्न बैठक, विवाह, व्रतवन्ध, पुस्तकालय तथा अन्य सामुदायिक तथा सार्वजनिक कार्यमा प्रयोग हुँदै आएका छन् ।

नगरपालिका ९ वटा वडामा गरी नाम चलेका र उपयोगमा आएका १८ वटा सार्वजनिक पाटीपौवा र चौतारा छन् । यी पाटीपौवा तथा चौतारा विभिन्न सार्वजनिक कार्य तथा विश्रामस्थलका रूपमा प्रयोग हुँदै आएका छन् । नगरपालिकामा साना ठुला गरी २८ वटा खेलकुद मैदान तथा चौरहरु रहेका छन् । जसबाट यस नगरपालिकामा खेलकुद तथा मनोरञ्जनका प्रशस्त सम्भावना देखिन्छ ।

वेलका नगरपालिकाको क्षेत्रफल र जनसंख्याको हिसावले न्यून जनसंख्या भएको क्षेत्र मानिन्छ । ठूला ठूला भवन, संरचना, उद्योग कलकारखानाहरु नभएकाले अधिकांस भूभाग खुला रुपमा रहेको छ । प्राकृतिक विपद्का बेला आवश्यक पर्ने खुला क्षेत्रको रुपमा ९ वटा वडाहरुमा प्रति वडा १/१ गरी ९ वटा खुला क्षेत्र पहिचान गरी खुला स्थान घोषणा गरिएको छ । त्यस्तै यस नगरपालिकाको वडा नं. १, २ र ६ मा गरी ६ वटा पार्क तथा उद्यानहरु छन् ।

नगरपालिकामा अन्य विकासको तुलनामा सडक लगायत भौतिक पूर्वाधारको कमी छ । तर पनि यस नगरपालिकामा १६ वटा ग्रामिण सडकहरु पूर्ण रुपले सञ्चालनमा छन् । यस नगरपालिकामा जम्मा ३ सय ९१ किलो मिटर लम्बाईको सडक निर्माण भएको छ । त्यस्तै यस नगरपालिकामा रामपुर, कोठु, सुपाडे, लालबजार, आम्बासी, बानडाँडा र पुरन्दहमा गरी ८ वटा बसपार्क तथा बस बिसौनीहरु छन् ।

वेलका नगरपालिकामा निकै जोखिमयुक्त स्थानहरु छन् । खोला खहरेको बढी प्रकोप हुने भएकोले यस क्षेत्रमा बाढी र पहिरोको विपद्मा वर्षेनी क्षेति हुने गरेको छ ।

ओ. सांस्कृतिक तथा पुरातात्विक क्षेत्र

वेलका नगरपालिका भित्र ऐतिहाँसिक धार्मिक, सांस्कृतिक, भौगोलिक रुपमा महत्पूर्ण क्षेत्रहरु रहेका छन् । यस क्षेत्रमा १४ वटा मन्दिर, २ वटा गुम्बा, ४० वटा चर्च र २ वटा मान्दाङ स्तुपा छन् । जुन पर्यटकीय क्षेत्रका रूपमा धेरै नै सम्भावना बोकेका स्थान हुन् । सांस्कृतिक तथा पुरातात्विक क्षेत्रले ०.०२ प्रतिशत (६.६१ हेक्टर) जमिन ओगटेको छ ।

ग. कृषि उत्पादन र खाद्य स्थिति

नगरपालिकाका प्रमुख बाली मकै, धान, कोदो र गहुँ हुन् । कृषि उत्पादनको क्षेत्रमा मुख्य बालीका रूपमा धान ६,८७३ मेट्रिक टन, मकै ६,८०० मेट्रिक टन, कोदो प्रतिवर्ष, ७३८ मेट्रिक टन, गहुँ २२५ मेट्रिक टन, र आलु १९२ मेट्रिक टन (करिब) उत्पादन हुने गरेको छ । अन्य बाली खोर्सानी, तील, प्याज, तोरी, लसुन, तरकारी तथा फलफूल उत्पादन हुने गरेको छ ।

जमिन उपयोगका हिसाबले २,८२२.६१ हेक्टर जमिनमा धान उत्पादन हुन्छ । त्यस्तै २,६५९.५३ हेक्टर जमिनमा मकै उत्पादन हुन्छ भने १३५.३८ हेक्टर जमिनमा कोदो खेती हुन्छ । नगरपालिकाको २०७८ को तथ्यांक अनुसार वार्षिकरूपमा पालिकाले तपसिलका क्षेत्रफलमा खाद्य सामग्री उत्पादन गरेको छ :

उत्पादन	क्षेत्रफल (हेक्टर)	मेट्रिक टन
धान	२८२२.६१	६,८७३
मकै	२,६५९.५३	६,८००
कोदो	१३५.३८	७३८
गहुँ	६०.८७	२२५

आलु	२२.३६	१९२
तोरी	३३५.७५	१५४३
बेसार	४१.४८	२९९
दाल	३३४.७९	२९९
तरकारी	२३.७९	३३९
	६,४३६.५६	**१७,३०८**

स्रोत : *वेलका नगरपालिका प्रतिवेदन, २०७८*

वेलका नगरपालिकाको वडा नं. १ देखी ५ सम्म धान, आलु र मकै र वडा नं. ६, ७ र ८ मा मसला बाली पकेट क्षेत्र, वडा नं. ७ मा मौरी पालन पकेट क्षेत्रको रुपमा विकास गरिएको छ। त्यस्तै वेलका नगरपालिकाको विभिन्न क्षेत्रमा माछा पालनको पकेट क्षेत्र छुट्याई जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिएको छ।

वेलका नगरपालिकाको पशु शाखाको प्रतिवेदन, २०७८ अनुसार ५,३१५ घर/परिवारले पशुपन्छी पालेका छन्। सबै भन्दा बढी बाखा पालन गर्नेको सङ्ख्या वडा नं. ६ र ७ मा छन् भने भैँसी पालन गर्नेको सङ्ख्या वडा नं. ८ मा बढी छ। मासु उत्पादनका हिसाबले वडा नं. ६ र ७ अगाडि छ। दूध उत्पादनका हिसाबले वडा नं. ८ तथा कुखुरा र अण्डा उत्पादनका हिसाबले वडा नं. १ र २ अग्रस्थानमा छ।

पशुपन्छी पालनको अवस्था हेर्दा सवैभन्दा बढी बाखापालन १२५,००० देखिएको छ। यस पालिकाबाट वार्षिक १५ हजार खसीबोका निर्यात हुने गरेको छ। त्यस्तै वार्षिक ५० लाख भन्दा बढीको बोयर जातको बाखा/बोका बिक्री भएको छ। अनुमानित ६० प्रतिशतले स्थानीय जातको कुखुरा पालन गर्छन। यसरी हेर्दा औषतमा १० का दरले ६० हजार भन्दा बढी कुखुराको संख्या देखिन्छ। लेयर्स ५००, बोइलर ८० हजार सम्मको संख्यामा पालन गरेको देखिन्छ।

नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार १५,१९७ गाईगोरुको संख्या छ। तर २०७८ पशु शाखाको तथ्यांक हेर्दा २५ हजार भन्दाबढी गाईगोरुको संख्या देखिन्छ । जसमध्ये वडा नं. ५ मा गाई गोरुको संख्या बढी छ। त्यस्तै २२ हजार भन्दा बढी भैँसी यस नगरपालिकामा रहेको छ।

७० हेक्टरसम्म जमिनमा माछापालनको लागि उपयुक्त देखिन्छ। माछा पालिएको पोखरी ३० हेक्टर जति छ। अन्य पोखरीहरु विस्तारित रुपमा उपयोग हुँदै आएका छन्। अनुमानित प्रति रोपनी २५० देखी ३०० केजीसम्म माछा उत्पादन हुने देखिन्छ।

वेलका नगरपालिकामा वार्षिक ३० हजार सम्मको संख्यामा बंगुर निर्यात हुने गरेको छ। त्यस्तै यस नगरपालिकाबाट हिउँदमा प्रतिदिन ३ हजार र वर्षायाममा ६ हजार लिटर दुध बाहिरिन्छ। भैँसी प्रतिवर्ष १ हजार ५ सयसम्मको संख्यामा निकासी भएको पशु शाखाको तथ्यांकले देखाउँछ। त्यस्तै छाला वार्षिक १० हजार १० वर्ग फिट सम्मको विक्री हुने गर्छ। यस पालिकाबाट प्रतिवर्ष ५ लाख बराबरको घाँसको बिउ विक्री हुने गरेको छ। वार्षिक ३३ करोड बराबरको पशु चौपाय निकासी हुने देखिन्छ। दिगो जीविकोपाजर्नको लागि यस नगरपालिकाको पशुपंक्षी व्यवसाय महत्वपूर्ण देखिन्छ।

१०,३७३ परिवारमध्ये १८७ ले कुनै न कुनै कृषि उपज उत्पादन गरी बिक्री गरेका छन्। २२४६ परिवारलाई आफ्नो कृषि कर्मबाट वा आम्दानीबाट ३ महिनासम्म खान पुग्छ। त्यस्तै १२ महिनासम्म खान पुग्ने परिवार ३९५७ छन्। नगरपालिकामा गरिवीको दर ३५ प्रतिशत देखिएको छ। सवै भन्दा वढी गरिवी वडा नं.७ मा र सवै भन्दा कम गरिबीको संख्या वडा नं. ५ मा रहेको छ।

खाद्यान्न उपलब्धताका आधारमा परिवार सङ्ख्याको विवरण	सङ्ख्या	प्रतिशत
३ महिना खान पुग्ने परिवार	२२४६	२१.६५
६ महिना खान पुग्ने परिवार	२५५३	२४.६१
९ महिना खान पुग्ने परिवार	११०८	१०.६८
१२ महिना खान पुग्ने परिवार	३९५७	३८.१५

आफ्नो कृषि उत्पादनबाट खान पुगेर बेच्ने परिवार	१८७	१.८१
तथ्यांकमा समावेश नभएका परिवार	३२२	३.१०
जम्मा	**१०३७३**	**१००**

स्रोत : *वेलका नगरपालिकाको वस्तुगत विवरण, २०७५*

घ. बैंक तथा वित्तीय संस्था

यस वेलका नगरपालिकामा जम्मा १ कुमारी बैंक रहेको छ । जम्मा दर्ता भएका सहकारीको संख्या ३३ वटा छन् । उक्त सहकारीहरुमा जम्मा सदस्य संख्या ६,९८८ छ ।

ङ. पेशा/व्यवसाय

१८ वर्ष भन्दा माथिका ६४.२९ प्रतिशतको मुख्य पेशा कृषि तथा पशुपालन, ७.४५ प्रतिशतको वैदेशिक रोजगार र १७.३१ प्रतिशत वेरोजगार देखिएको छ । उमेर संरचनाका हिसाले १५ देखि ५९ वर्ष उमेर समुहको जनसंख्या ६३.५ प्रतिशत छ । जुन विकासका दृष्टिले महत्वपूर्ण मानिन्छ ।

विवरण	जनसङ्ख्या	प्रतिशत
कृषि तथा पशुपालन	२२१०५	६४.२९
वैदेशिक रोजगार	२५६२	७.४५
व्यापार	९६१	२.८०
सरकारी जागिर	४१८	१.२२
निजी क्षेत्रमा जागिर	१००५	२.९२
ज्याला मजदुरी	१३४७	३.९२
उद्योग	३१	०.०९
आंशिक वेरोजगार	५९५१	१७.३१
जम्मा	**३४३८०**	**१००**

स्रोत : *वेलका नगरपालिकाको वस्तुगत विवरण, २०७५*

गरपालिकामा रहेका १०,३७३ परिवार संख्या मध्ये ४२.९ प्रतिशतको वार्षिक आम्दानी रु. १ लाख भन्दा कम रहेको पाईएको छ र १ देखि २ लाख आम्दानी हुनेको संख्या २४.४ प्रतिशत रहेकोछ । ६ लाखभन्दा बढी आम्दानी हुने १.६ प्रतिशत रहेको देखिन्छ । वडा नं. २, ३, ६, ७ र ८ मा आम्दानी भन्दा खर्च नै वढी भै ऋणको बोझ झेल्नु परेको देखिन्छ ।

४. स्थिति विश्लेषण

(क) परिवेश अध्ययनका अनुसार ७७ प्रतिशत परिवारहरुले १० वर्ष भन्दा अघि देखि जग्गा आमोद कमोद गरिरहेका छन् । अध्ययन अनुसार जमीनको वितरणमा ठूलो असमानता (तीन धुरदेखि नौ विघासम्म) देखिएको छ । जसले सामाजिक असमानता र आर्थिक विभेधिकरण उत्पन्न गर्छ ।

(ख) भूमिसम्वन्धी समस्या समाधान आयोगको प्रयोजनको लागि २०७७ मा संकलन गरिएको तथ्यांक अनुसार यस नगरपालिकामा ५४३, भूमिहीन दलित, १,२८४ भूमिहीन सुकुम्बासी, १०,७४९ अव्यवस्थित वसोबासी छन् । त्यस्तै २०७५ मा गरिएको परिवेश अध्ययन अनुसार गुठि जग्गा कमाउने २३३ परिवार छन् । भूमिहीन वा अव्यवस्थित जो भएपनि यस नगरपालिकाको भूमि सम्वन्धी प्रमुख समस्या भूमिको स्वामित्वको हो ।

(ग) कोशी पुल निर्माण सँगै यस नगरपालिकाबीच रहेको सडकको वैकल्पिक राजमार्गको रुपमा प्रयोग हुँदा विभिन्न अवसरहरुको सिर्जनाका सकारात्मक प्रभावका साथै, बसाइ सराइको चाप, जग्गाको अस्वाभाविक मूल्यवृद्धि र अनौपचारिक कारोबार, परिवार संख्या वृद्धि गरी जमीन हकभोगका लागि

कृतिम पारिवारिक विखण्डनका साथै सघन सहजीकरणबाट उत्पन्न हुने नकारात्मक गतिविधिहरु देखिएछन् ।

(घ) खोटाङ्ग र भोजपुर लगायत पूर्वी पहाडी जिल्लाबाट रोजगारीको खोजीमा झरेका र अव्यवस्थित बसोबासी तथा स्थानीय सीमित तराईका अल्पसंख्यक मधेशी समुदाय मात्र रहेको यस ठाउँमा पुल निर्माण भै विकासको प्रचुर सम्भावना देखिएपछि वसोबास नगरेपनि बढी मूल्यमा जमिन बेच्ने मनसायले उल्लेख्य मात्रामा (९७४ जनाले) जग्गा ओगटेका छन् ।

(ङ) यसरी लामो समयदेखि जमीन कमाइ आएका व्यक्तिहरुलाई राज्यद्वारा निर्देशित कानून बमोजिम उक्त जमीनको स्वामित्व उपलव्ध गराइ प्रशासनिक संयन्त्र भित्र ल्याउन राज्यले विलम्व गर्नु हुँदैन । यसबाट राज्यको अविभावकत्व प्रति आस्था बढ्ने, जग्गा धनीको आत्मविश्वास बढने, निष्क्रीय पूँजीको रुपमा रहेको जमीन औपचारिक परिचयका साथ सक्रीय पूँजीको रुपमा परिचालन हुने, आर्थिक गतिविधिमा तीव्रता आउनाले अर्थव्यवस्था थप चलायमान हुने, राज्यको राजस्वको दायरा विस्तार हुनुको साथै नियमित र थप राजस्व प्राप्त हुने, राज्यलाई विकास निर्माणका पूर्वाधार र सेवा प्रवाहमा लगानी गर्न सहज भै अन्ततः नागरिकको जीवनस्तरमा सुधार हुने देखिन्छ ।

(च) २०६८ को जनगणना अनुसार यस नगरपालिकामा महिला ५४% र पुरुष ४६% रहेकोमा २०७५ को घरधुरी सर्वेक्षण अनुसार महिला ४९% र पुरुष ५१% भै पहिलेको अवस्था उल्टिएको देखिन्छ । यसबाट ६/७ वर्ष अघि कामको खोजिमा घरवाहिर जाने पुरुषहरु स्थानीयस्तर मै रोजगारीका अवसर जुटेकोले घर मै बस्ने गरेको अनुमान गर्न सकिन्छ ।

(छ) २०६८ र २०७५ को बीचका ६ वर्षमा करिव २८ प्रतिशतले जनसंख्या वृद्धि हुनुमा यो नगरपालिका राष्ट्रिय सडक सञ्जालमा जोडिनाले व्यवसायिक अवसरहरु सिर्जना हुनु र प्रचुर उर्वर भूमि तथा बसोबासयोग्य जमीनप्रतिको आकर्षण र बढ्दो विकाशको प्रभाब र पर्यटनको विकाश र आधुनिक कृषिले अन्यत्रबाट बसाइ सराईको परिणाम हो ।

(ज) विकासका दृष्टिले महत्वपूर्ण मानिने उत्पादकत्व उमेर (१५ देखि ५९ वर्ष) को जनसंख्या ६३.५% रहेको र ६४.२९ प्रतिशतको मुख्य पेशा कृषि तथा पशुपालन भएतापनि करिव १२ प्रतिशत परिवारलाई मात्र वर्षभरिलाई खान पुग्छ र खान पुगेर बेच बिखन गर्ने घरपरिवार २ प्रतिशत मात्र देखिएका छन् । ४२.९ प्रतिशतको वार्षिक आम्दानी एकलाख भन्दा कम रहेको हुँदा नौ वडा मध्ये पाँच वटा वडाको वचतको अवस्था ऋणात्मक रहेको अर्थात ऋण काढेर जीवन निर्वाह गरेको देखिन्छ । नेपालीलाई औसतमा प्रतिव्यक्ति प्रतिवर्ष १ सय ९४ किलो खाद्यान्न चाहिन्छ, जसमध्ये ९० किलो चामल र बाँकी मकै, गहुँ, आलु आदिले थेग्छ । प्रारम्भीक अध्ययन अनुसार यस नगरपालिकामा मकै प्रतिवर्ष ६,८०० मे.टन, धानप्रतिवर्ष ६,८७३ मे.टन, र कोदो ७३८ मे. टन उत्पादन हुने देखाइएको छ । जुन कूल १ करोड ७३ लाख ८ हजार किलो ग्राम हुन्छ । वेलकाको ५४,११९ जनसंख्यालाई १ करोड ४ लाख ९९ हजार ८६ किलो खाद्यन्न चाहिन्छ । नगरपालिकाले आफुलाई आवश्यक खाद्यन्न राखेर निर्यान गर्ने गरेको देखिन्छ ।

(झ) नगरपालिका भित्र खेतीयोग्य जमिन अझै भरपुर रुपमा उपयोग भएको छैन । खेती गर्नेसँग जमीन नहुनु, खेती नगर्नेले जमीन ओटनु, जमीनमा आफ्नो स्वामित्व नहुनाले कृषि उत्पादन पूर्वाधार (जमीनको विकास, सिँचाइ व्यवस्था, प्रविधिको प्रयोग, मल, उन्नत बीउ, जमिनको खण्डीकरण, परम्परागत कृषि प्रणालीको अवलम्बन, निर्वाहमुखी कृषि प्रणालीमा लगानी र व्यवसायिक सोच नहुनु, अनौपचारिक कारोबारबाट नै अनुचित लाभ प्राप्त भैरहनाले जमीनलाई उत्पादनको क्षेत्रमा उपयोग नगर्नाले सोचे जति उत्पादन हुन सकेको छैन । त्यसै गरी नदी उकास जमीनको

उपयुक्तताको आधारमा उपयोग नगरिनु र ठाडाखोलाहरुको व्यवस्थापन नहुनु पनि उत्पादन कमीका कारण हुन । बेलाबेलमा आईरहने प्राकृतिक विपत्तीका कारणले उत्पादनमा ह्रास ल्याई कृषकहरुलाई खेतीपाती प्रति निरुत्साहित गरेको छ ।

(ञ) भूमिहीन र अव्यवस्थितसँग सम्वन्धित समस्याहरु समाधानका लागि स्थानीय तहले आफ्नो क्षेत्रको भूमि व्यवस्थापनका सन्दर्भमा निकै सुझबुझ र दीर्घकालीन दृष्टिकोण सहित निर्णय लिनु पर्ने देखिन्छ । यसको लागि पहिलो चरणमा भूउपयोग ऐन वमोजिम भूमिको वर्गीकरण र भूउपयोग क्षेत्र नक्शालाई आवश्यकता अनुसार अध्यावधिक गरी कार्यान्वयनमा लैजान ढीलो गर्न हुँदैन ।

(ट) पशुजन्य उत्पादन तर्फ हेर्दा, वार्षिक बाख्रा १२५,००० र अनुमानीत ६० प्रतिशतले स्थानीय जातको कुखुरा पालन गर्छन् । यसरी हेर्दा औषतमा १० का दरले ६० हजार भन्दा बढी कुखुराको संख्या देखिन्छ । लेयर्स ५००, बोइलर ८० हजार सम्मको संख्यामा पालन गरेको देखिन्छ । 'एक जनाले वार्षिक १४ केजी मासु खानु पर्ने अन्तर्राष्ट्रिय स्वास्थ्य सम्वद्ध मापदण्ड रहँदा नेपालीले वार्षिक १२ केजी मासु खाने गरेको देखिएकोछ' । यस हिसावले वेलका नगरपालिकालाई ७ लाख ५७ हजार केजी मासु आवश्यक पर्छ । नेपालमा पालिने खसी बाख्राको तौल २० देखि २५ किलो सम्म हुन्छ । २५ किलो नै मान्दा पनि ३६,२८९ खसीबाट ६ लाख ३६ हजार केजी मासु प्राप्त हुन्छ । खसी र कुखुरा बाहेक बंगुर, हाँस र राँगाको मासु तथा माछा समेत प्रयोग हुने भएकोले माछा मासुमा मनग्य हैन जेनतेन पुग्ने देखिन्छ । ५३.३४ प्रतिशत वन र सिमसार भएको यस नगरपालिका पहाडी वडाहरुमा बाख्रापालन र नदी उकास तथा सिमसार क्षेत्रमा माछापालनको पकेट क्षेत्र अझै विस्तार गर्नुपर्ने देखिन्छ ।

(ठ) नगरपालिकामा १७५ वटा उद्योग रहेको भनिए पनि बजारमा कुनै एउटा स्थानीय उत्पादन देखिएन । नदीनाला र जंगलको प्रचुरता भएको हुनाले काठ तथा ढुंगा गिट्टी बालुवा जन्य उद्योगहरुको राम्रो संभावना देखिन्छ । बाँस तथा मकै यहाँबाट निकासी हुने गरेको बुझिएकोले यी वस्तुहरु कच्चा पदार्थको रुपमा निकासी गर्नु भन्दा बाँसजन्य वस्तु र कुखुराको दाना बनाउने उद्योग सञ्चालन गर्दा स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ । वेलका जंगलमा सुनखानी, वडा नं. ६ र ७ मा तामा र चुनढुङ्गा, रानी छाँगा आसपास कोइलाखानी को संभावना भएको भनिएकोले संभाव्य क्षेत्रहरुमा उत्खनन् सुरु नहुँदासम्म चारकिल्ला तोकी संरक्षण गर्नु पर्छ ।

(ड) नगरपालिकाको जग्गा नाप नक्शा भै आमोद कमोद गर्नेलाई स्वामित्व प्रदान गरिएपछि नगरमा आर्थिक गतिविधि बढ्ने, आर्थिक गतिविधिले सम्भावनाका अवसरहरु बढ्ने, अवसरहरु बढ्नाले जनघनत्व बढ्ने, जनघनत्व बढ्नाले माग बढ्ने, माग बढ्नाले उत्पादन बढाउन उद्योग प्रतिष्ठानहरु स्थापना हुने र सो का लागि जमीन आवश्यक हुने भएकोले खेती योग्य जमीन बाहेक पूर्वाधारहरु (सडक विद्यूत, पानी, ढल आदि) पुऱ्याउन सहज हुने उपयुक्त स्थानमा औद्योगिक क्षेत्रको लागि जमीन छनौट गरी सुरक्षित राख्नु पर्ने देखिन्छ ।

(ढ) प्रत्येक वडामा कुनै न कुनै धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका सम्पदा र रोमाञ्चक भौगोलिक स्थानहरु भएकोले यो नगरपालिका पर्यटकीय संभावनाका दृष्टिले निकै धनी देखिन्छ । खास गरी वडा नं ६, ७ र ८ मा साहसिक (जल, स्थल र वायूमा आधारित बोटिङ्ग, ऱ्याफ्टिङ्ग, प्यारासाइक्लिङ, स्विमिङ, प्यारागलाइडिङ, क्यानोइङ्ग) पर्यटन, पदयात्रा पर्यटन (ट्रेकिङ) र वडा नं. १ र २ मा जंगल सफारीको लागि उपयुक्त छन् । पालिकामा हाल ३० वटा पर्यटकीय होटल तथा रिसोर्टहरु सञ्चालनमा आएबाट पर्यटकीय गतिविधि सुरु रहेको पाइयो । साथै यस पालिकामा ३ वटा होमस्टे सञ्चालनमा आएका छन् ।

(ण) नगरका पहाडी क्षेत्रमा परिवारसंख्या तुलनात्मक रुपमा न्यून रहेको र भएको पनि सुगम समथर स्थानतिर बसाइ सराइको क्रम बढेको अवस्था जनसंख्या वृद्धिदरमा आएको कमीले देखाएको छ । यस अवस्थामा बसोबासको दृष्टिले गरिने विकास निर्माणका पूर्वाधारहरुमा लगानी गर्दा विचार गर्नुपर्ने देखिन्छ । अधिकांस जंगल रहेको पहाडी भूभागले नगरको सौन्दर्य वृद्धि, जलवायू अनुकूलनमा योगदान र भूक्षयबाट संरक्षण गरिरहेको यो स्थानमा अत्यधिक निर्माण कार्यहरु गर्दा वाढी पहिरोको जोखीम बढ्ने र नगरमा रहेका ठाडा खोलाहरुले तल्लो समथर सतहमा अझ बढी नोक्शानी पुऱ्याउने देखिन्छ । यी स्थानहरुलाई पर्यटकीय दृष्टिले महत्व दिइ विकास गर्नको लागि सडक सञ्जाल नै आवश्यक हुने ठाउँमा सिंगल लेनको बनाउने, पर्यटकीय स्थलहरु पदमार्ग (ट्रेकिङ्ग) मार्फत जोड्ने र सम्भाव्य स्थानहरुमा केवलकार सञ्चालन गर्न उपयुक्त देखिन्छ । पालिकामा गरिने सभा, सम्मेलन र गोष्ठीहरु अधिकांश समय गर्मी हुने ठाउँ समथर क्षेत्रमा भन्दा यी पर्यटकीय क्षेत्रमा सञ्चालन गरेर व्यवसायिक पर्यटन बढाउन सकिन्छ ।

(त) नगरलाई पर्यटकको लागि आकर्षक, रमणीय र सुरक्षित गन्तव्यको रुपमा विकास गर्न र पर्यटकको वसाइ अवधि सुखमय र लामो बनाउन सकिने अवसरहरुबाट लाभ लिन पर्यटकीय पूर्वाधार निर्माण, पर्यटकको सूरक्षा एवं उद्धार र निजी क्षेत्रसँग समन्वय गर्नमा स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गरी पर्यटकीय क्रियाकलापमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नु मनासिव हुन्छ। पर्यटकीय पूर्वाधार निर्माणमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिने र क्रियाकलाप सञ्चालन गर्दा पर्यटकीय क्षेत्र सफा र प्रदूषण मुक्त राखी पर्यटनको अवधारणा आत्मसात गर्ने नीति अंगिकार गर्नु उचित हुन्छ । साथै पर्यटक आकर्षित गर्न पर्यटकीय क्षेत्रको नक्शांकन तथा प्रचार प्रसारमा सूचना प्रविधिको प्रयोग प्रभावकारी हुनेछ ।

(थ) भित्री मधेश र महाभारत श्रृंखला समेतको धरातल मिलेर बनेको हुँदा धरातलीय उचाइ अनुसारका रुख विरुवाहरु यहाँको जंगलमा उपलब्ध छन् । नगरपालिकामा राष्ट्रिय वन, सामुदायिक बन र निजी वन समेत गरी १८,०५८.२२ हेक्टर वन क्षेत्र देखिन्छ । विद्यमान भूउपयोग क्षेत्र नक्शा अनुसार ५३.३४ प्रशित वन तथा चरण क्षेत्र भनिएको छ । नगरको इन्धन उपयोगको स्थिति हेर्दा ६१ प्रतिशतले अगेनो (दाउरा प्रयोग हुने चुल्हो) प्रयोग गर्ने गरेको देखिन्छ । अगेनाको प्रयोगबाट वनजंगलमा चाप पर्नुका साथै जनस्वास्थ्यमा समेत प्रत्यक्ष असर पर्ने भएकोले स्वास्थ्य र वातावरणमा एकै पटक हानी पुगिरहेको अवस्था छ ।

(द) घरेलु इन्धनमा अत्यधिक दाउरा प्रयोग भैरहेको यस अवस्थालाई तीव्र विद्युतीकरणको माध्यमबाट सुधार गरिनु आवश्यक छ । विद्युतीकरण गर्दा utility corridor मार्फत भूमिगत रुपमा तार लैजानु पर्छ। यस पालिकामा पहाडी क्षेत्रको वन घाँसको लागि र समथर ठाउँको वन काठको लागि उपयुक्त हुने भएकोले पहाडी क्षेत्रमा बाखापालन व्यवसाय प्रोत्साहन गर्नु पर्छ ।

(ध) वनक्षेत्र काठ दाउरा एवं पशुपालनका लागि मात्र आवश्यक नभै वातावरण एवं जैविक विविधताको संरक्षण गर्न र प्राकृतिक सन्तुलन कायम गरी बाढी पहिरो जस्ता विपद्हरुको सामना गर्न पनि आवश्यक छ । पालिकामा कतै खहरे खोलाहरुबाट भूक्षय र कतै नदीनालाहरुले जमीन उकास गरेको अवस्था हुनाले खोलाका किनारहरु, नदीउकास जमीन र उपयोग विहिन खाली जमीनमा वृक्षारोपण गर्न आवश्यक छ ।

(न) नगरपालिकाको कूलगार्हस्थ उत्पादनमा कृषि तथा वनले ८३ प्रतिशत, ब्यापारले १० प्रतिशत, घरजग्गा भाडा ब्यवशायले २ प्रतिशत, उत्पादन क्षेत्रले १ प्रतिशत, निर्माण क्षेत्रले २, पर्यटन क्षेत्रले २ प्रतिशत योगदान गरेको अनुमान छ । समग्र राष्ट्रिय अवस्था हेर्दा आर्थिक वर्ष २०७६/७७ मा कूलगार्हस्थ उत्पादनमा कृषिको योगदान २७ प्रतिशत, उद्योगको १५ प्रतिशत र सेवा क्षेत्रको ५८

प्रतिशत छ र आर्थिक वर्ष २१००/०१ मा क्रमश ९, ३० र ६१ प्रतिशतमा पुऱ्याउने लक्ष छ । (*पन्ध्रौ योजना*)।

(प) वर्ल्ड रिसोर्सेज इन्स्टिच्यूटका अनुसार, नेपालमा कृषि उपजका लागि एक हेक्टरमा खेती गर्न ३ कामदार आवश्यक पर्छ भने छिमेकी देश भारतमा प्रतिहेक्टर १.४६ जना कामदार छन् ।

(फ) परम्परागत खेती प्रणालीले एकातिर धेरै श्रमशक्तिको खपत गरेको छ भने कुल उत्पादन समेत बढ्न सकेको छैन । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान उच्च रहेबाट अनुकूल मौसम भएको वर्ष देशले सन्तोषजनक आर्थिक वृद्धि हासिल गरेको छ भने प्रतिकूल मौसम भएका बेला वृद्धिदरमा उल्लेख्य ह्रास आउने गरेको छ तर उद्योग र सेवा क्षेत्रको वृद्धिले आर्थिक वृद्धिदरमा त्यस्तो उतार-चढाव ल्याउँदैन । अर्थशास्त्रका विभिन्न सिद्धान्त एवं व्यावहारिक अध्ययनहरू हेर्ने हो भने आर्थिक वृद्धिको कायापलट गर्न कृषिमा आधारित अर्थतन्त्रबाट क्रमशः उद्योग र सेवा क्षेत्रतर्फ लम्कनुपर्ने देखिन्छ ।

(ब) वेलका नगरपालिकामा एउटामात्र बैंक रहेको छ, जम्मा दर्ता भएका सहकारीको संख्या ३३ वटा रहेका छन् भने उक्त सहकारीहरुमा जम्मा सदस्य संख्या ६,९८८ रहेको छ । बैंक तथा सहकारीहरु वित्तीय प्रणालीका अङ्ग हुन । नेपालको वित्तीय प्रणालीमा बैकिङ्ग, बीमा, पुँजीबजार, गैर-बैंकिङ्गवित्तीय क्षेत्र र सहकारी गरी प्रमुख पाँचवटा क्षेत्रहरू रहेकाछन् । वित्तीय प्रणालीले बजारमा रहेको रकम बचतको रुपमा संकलन गरी मौद्रिक तरलता, भूक्तानी र जोखिम वहनका साथै पूँजी प्रवाह गर्छ । छरिएर रहेको सानो सानो रकमबाट पूँजी निर्माण गर्न सहकारीको अहम भूमिका भएतापनि बैंक कर्जा नै ठुला लगानीको प्रमुख स्रोतको रूपमा रहेको छ । पालिकाको आर्थिक क्रियाकलाप वृद्धिसँगै वित्तीय प्रणालीमा थप बैंक, बीमा, पुँजीबजार र गैर-बैंकिङ्ग वित्तीय क्षेत्रहरुपनि प्रवेश गर्ने अपेक्षा गरिन्छ ।

(भ) उर्वरभूमिको उपलव्धता, प्रचुर सार्वजनिक जग्गा, प्रशस्त खोलानाला एवं वन, खानीको सम्भावना, बढ्दो शहरीकरण, भौतिक पूर्वाधार निर्माणमा सहजता, प्रशस्त पर्यटकीय क्षेत्र र जलयातायातको सम्भावना, वस्तीहरु शहरीकरण उन्मुख जस्ता सवलपक्षहरुका कारण यो नगरपालिका अत्यन्त द्रुतगतिमा स्तरोन्नति हुने सम्भावना बोकेको पालिका हो । स्तरोन्नतिको लागि आवश्यक पर्ने पूर्वाधार निर्माणकोलागि जमीन पहिलो शर्त हो । जमीन नापजाँच गरी वैधानिकता प्रदान गर्ने क्रममा रहेको वर्तमान सन्दर्भमा निम्न विकास निर्माण र सेवामूलक कार्यका लागि जमीनको पहिचान र संरक्षण अपरिहार्य छ ।

(म) भूमिहीनहरुको व्यवस्थित बसोबास, कृषि सडक, नहर, कुलो र जल सञ्चय पोखरी, कोल्डस्टोर, औद्योगिक ग्राम, किरियापुत्री घर, सामुदायिक भवन, शवदाहस्थल, पशुवधशाला, काञ्जीहाउस, सवारी साधन मर्मत केन्द्र (वर्कशप), बजार क्षेत्र, स्थानीय उत्पादन संकलन तथा विक्री केन्द्र, हाटवजार स्थल, सपिङ्गमल, बालउद्यान, ज्येष्ठनागरिक मनोरञ्जन स्थल, संग्राहलय, नर्सरी, प्राणी उद्यान, योग ध्यान केन्द्र, बसपार्क, यात्रुविश्रामस्थल, पेट्रोलपम्प, विद्यूतीय गाडी चार्जिङ्ग श्टेशन, सार्वजनिक शौचालय, सार्वजनिक धारा, प्यारागलाईड श्टेशन, रोपवे स्टेशन, हेलिप्याड, फोहरमैला ल्याण्डफिल्ड साइट, खुला क्षेत्र, वाटरपार्क, खेल मैदान, सभाहल, रङ्गशाला, भ्यूटावर आदि ।

खण्ड : सोचपत्र

५. दीर्घकालीन सोच

कृषकलाई जग्गा सबैलाई घर, व्यवसायिक खेती, खाद्यमा आत्मनिर्भर ।

६. लक्ष्य

उत्पादन वृद्धि, वातावरणीय संतुलन, सुरक्षित बसोबास र समृद्ध जीवनको लागि भूमि र भूमिस्रोत उपयोगको विद्यमान प्रवृतिमा सुधार गर्ने ।

७. उद्देश्य

७.१ नगरपालिकाभित्रको भूमि स्रोतको पहिचान, अभिलेखन र वर्गीकरण गरी सोको संरक्षण र दिगो उपयोगको सुनिश्चिता गर्ने,

७.२ कृषि भूमिको समुचित उपयोग गरी कृषि उपजको आयात प्रतिस्थापन गर्ने,

१०.३ वातावरणीय प्रभाव मूल्याङ्कन गरी विपद् व्यवस्थापनमैत्री, व्यवस्थित र दिगो पूर्वाधार निर्माण गर्ने,

७.४ नगरपालिकाभित्र रहेका सबै परिवारलाई सुरक्षित र व्यवस्थित आवास व्यवस्था गर्ने,

७.५ जलाधारहरूको वैज्ञानिक व्यवस्थापन गर्दै उत्थानशील क्षमता विकास गर्ने,

७.६ धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण गर्दै व्यवस्थित पर्यटन व्यवसाय प्रबर्द्धन गर्ने,

७.७ जलवायु परिवर्तनका कारण उत्पन्न नकारात्मक असरहरु न्यूनीकरण गर्ने ।

८. रणनीति र कार्यनीति

क. भूमि र भूमिस्रोतको संरक्षणका लागि अभिलेख व्यवस्थापनलाई प्राथामिकता,

ख. समुचित उपयोगका लागि जग्गाको वर्गीकरण,

ग. एकीकृत बसोबासका लागि व्यवस्थित र जोखिम रहित बस्तिमा आकर्षण बढाउने,

घ. कृषियोग्य जग्गाको कृषि प्रयोजनमा प्रोत्साहन र अन्य प्रयोजनमा निषेध,

ङ. पहाडी क्षेत्रमा सडकको सट्टा पदमार्ग र रोपवेलाई प्राथमिकता,

च. दीर्घकालीन आवश्यकता धान्ने गरी पूर्वाधार निर्माण गर्न जमीनको खोज र संरक्षण,

छ. खेतीयोग्य सरकारी बाँझो र नदीउकास जग्गामा सार्वजनिक निजी साझेदारीमा उत्पादन,

ज. जनउपयोगी पूर्वाधार विस्तार गर्दा एकीकृत र व्यवस्थित वस्तीलाई प्राथमिकता,

झ. विकास निर्माणका पूर्वाधारको लागि उपयुक्त जमीन पहिचान, संरक्षण र उपयोग,

ञ. पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय पूर्वाधार र सहज पहुँचलाई प्राथमिकता,

ट. मानव सिर्जित जोखीम निरुत्साहित र जलवायूमैत्री क्रियाकलाप प्रोत्साहित गर्ने ।

खण्ड ग : नक्शा

९. नक्शा

(क) अध्यावधिक भूउपयोग क्षेत्र नक्शा



(ख) वडा अनुसार विद्यमान भूउपयोग नक्शा




भू-उपयोग क्षेत्र नक्शा
वार्ड -२
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र
वन क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवारीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलाका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी विभाग,काठमाडौँ


भू-उपयोग क्षेत्र नक्शा
वार्ड-३
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
वन क्षेत्र
खानी तथा खनिज क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलाका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी विभाग,काठमाडौँ


भू-उपयोग क्षेत्र नक्शा
वार्ड -४
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र
वन क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलाका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी बिभाग,काठमाडौँ
502000
504000
2968000
2966000
6
4
5
3


भू-उपयोग क्षेत्र नक्शा
वार्ड -५
संकेत
बस्ती
बेलाका वार्ड
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र
वन क्षेत्र
औद्योगिक क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी बिभाग,काठमाडौँ
495000
497500
500000
502500
2974000
2972000
2970000
2968000
2966000
2964000
6
5
4
3
1
2


भू-उपयोग क्षेत्र नक्शा
वार्ड -६
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र
वन क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी बिभाग,काठमाडौं


भू-उपयोग क्षेत्र नक्शा
वार्ड-७
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
वन क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी बिभाग,काठमाडौं


भू-उपयोग क्षेत्र नक्शा
वार्ड-८
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र
वन क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलाका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी बिभाग,काठमाडौँ


भू-उपयोग क्षेत्र नक्शा
वार्ड-९
संकेत
बस्ती
भूउपयोग क्षेत्र
Class
कृषि क्षेत्र
व्यावसायिक क्षेत्र
सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र
वन क्षेत्र
औद्योगिक क्षेत्र
सार्वजनिक उपयोग क्षेत्र
आवासीय क्षेत्र
नदी, खोला, ताल क्षेत्र
बेलाका वार्ड
बेलका नगरपालिका
रामपुर ,उदयपुर
डाटा श्रोत
राष्ट्रिय भू उपयोग परियोजना
नापी बिभाग,काठमाडौँ

(ग) भूक्षमता नक्शा


LAND CAPABILITY MAP
BELAKA MUNICIPALITY
UDAYAPUR DISTRICT
500000
510000
2980000
2970000
2960000
N
1
2
3
4
5
6
7
8
9
Legend
Ward Boundary
Municipal Boundary
Land Capability Class
IAh/2Rd
IAh/5d
IIAh/1R
IIAh/1Rd
IIAh/5d
IIIAh/1
IIIAh/2
IIIAh/2Rd
IIIAh/2e
IIIAh/5d
IIIAh/5e
IIIAu/1
IVAh/1
IVAh/1t
IVAh/2
IVAh/2Rd
IVAh/2Rs
IVAh/2Rtd
IVAh/2st
IVAh/2t
IVAh/2te
IVAh/5d
IVAh/5e
IVAh/5s
IVAh/5st
IVAh/5t
IVAh/5td
IVAh/5te
IVAu/1t
IVAu/1te
IVAu/2
IVAu/2t
IVAu/5t
IVAu/5te
IVBh/1t
IVBh/2st
IVBh/5st
IVBh/5t
VAh/2t
VAh/5t
VIAh/2Rst
VIAh/5st
Non-Arable
IIAh/5
IIIAh/5
IIIAu/5
IVAh/5
IIAh/6
0
2.5
5
10 Km
Scale: 1:150000
Projection and Datum Information
Projection: Modified Universal Transverse Mercator
False Easting: 500,000 m
False Northing:0 m
Central Meridian: 87 Degree East
Scale Factor: 0.9999
Latitude Of Origin: 0
Linear Units: Meter
Datum: Everest 1830
National Consult
Prepared by: National Consult Nepal (P) Ltd

(घ) जोखिम नक्शा


COMPOSITE RISK MAP
BELAKA MUNICIPALITY
UDAYAPUR DISTRICT
N
Legend
Municipal Boundary
Wards Boundary
Composite Risk
Low
Medium
High
No Risk
0 2.5 5 10 Km
Scale: 1:150,000
Projection and Datum Information
Projection: Modified Universal Transverse Mercator
False Easting: 500,000 m
False Northing:0 m
Central Meridian: 87 Degree East
Scale Factor: 0.9999
Latitude Of Origin: 0
Linear Units: Meter
Datum: Everest 1830
Prepared by: National Consult Nepal (P) Ltd.

खण्ड घ : योजना

१०. कार्यक्रम र क्रियाकलाप

कार्यक्रम	क्रियाकलाप	ईकाइ	लक्ष्य				
			पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	चौथो वर्ष	पाँचौ वर्ष
भूमि अभिलेख अद्यावधिक र संरक्षण	औपचारिक जग्गाको अभिलेख अद्यावधिक गर्ने	वडा	३	४	२		
	अनौपचारिक जग्गाको अभिलेख अद्यावधिक गर्ने ।	वडा	२	३	४		
	प्राकृतिक स्रोत (पानीको मुहान, खनिज क्षेत्र, नदी, ताल, पोखरी आदि), धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विवरण अद्यावधिक गर्ने ।	वडा	२	३	४		
	सुनखानी, तामा र चुनढुङ्गा, रानी छाँगा नजिकको कोइलाखानी क्षेत्रहरुमा उत्खनन् सुरु नहुँदासम्म चारकिल्ला तोकी संरक्षण गर्ने ।	वडा		६ र ७			
जमिनको नाप नक्शा	जमिनको नापी र हालसावी गर्ने ।	नगर पालिका	४	५			
	सरकारी/सार्वजनिक प्रकृतिका संस्थाको भोग चलनमा रहेको जमीन नेपाल सरकार कायम गरी सम्वन्धित संस्थाको नाममा नापनक्शा र श्रेस्ता कायम गर्ने ।	नगर पालिका					
सरकारी/सार्वजनिक जग्गाको लगत कट्टा	राजमार्ग र स्थानीय सडकको क्षेत्र र क्षेत्राधिकार भित्रपर्ने जमिनको लगत कट्टा गर्ने ।	वडा		५	४		
	विद्युत तथा सञ्चार टावरहरुको आधार निर्माण क्षेत्र र क्षेत्राधिकारको जमिनको लगतकट्टा गर्ने ।	वडा	२	३	४		
	नाप नक्शा नियन्त्रण विन्दूको क्षेत्र तथा क्षेत्राधिकार भित्रपर्ने जमिनको लगत कट्टागर्ने	वडा	२	४	३		
	नदी एवं खोलाहरुको वहाव क्षेत्र तथा क्षेत्राधिकार रेखांकन गरी सार्वजनिक दर्ता गर्ने ।			४	५		
भूमिको वर्गिकरण र कार्यान्वयन	भूउपयोग क्षेत्र नक्शा अद्यावधिक गरी भूमिको वर्गीकरण गने ।	नगर पालिका					
	वर्गीकरण लागु भएको सूचना जारी गर्ने ।	नगर पालिका					
	वर्गीकरण अभिलेख अध्यावधिक गर्न मालपोत तथा नापी कार्यालयमा पठाउने ।	नगर पालिका					
	खेतियोग्य जग्गा बाँझो राख्नेलाई जरिवाना गर्ने ।	वडा			४	५	
	तोकिएभन्दा फरक उपयोग गर्नेलाई कारवाही ।	नगर पालिका					
भूमिस्रोत संरक्षण	पालिका भित्रका भूमिश्रोतहरु -नदी,ताल, पोखरी, पानीका मुहान, खानी तथा खनिज, वनआदि)ले ओगटेको जमीन नापजाँच गराइ संरक्षण र सदुपयोग गर्ने	वडा			३	३	३
	संरक्षण गरिएका सुनखानी, तामा, चुनढुङ्गा, र कोइला सम्भाव्य स्थानहरुको सम्भाव्यता अध्ययन	स्थान		१			

	र उत्खनन्का लागि प्रदेश वा संघीय सरकार समक्ष पहल गर्ने ।						
	नगर पालिकामा रहेका खहरे एवं ठाडाखोलाका दुवै किनारमा सडकको लागि समेत पुग्ने गरी खोलाको अधिकार क्षेत्र रेखाङ्कन गरी सार्वजनिक दर्ता गर्ने ।	वडा		२	३	४	
	खोला किनारमा भूक्षय नियन्त्रणकालागि तटवन्ध गर्ने ।	वडा	३	४	२		
	तटवन्धका किनारमा सडक साथै सडक निर्माण र बृक्षारोपण गर्ने ।	वडा	४	५			
	पालिकाका वडा नं २, ३, ८ र ९ को जमीनको लागि जोखिम देखिएको कोशीको भङ्गालो नियन्त्रण गर्ने ।	वडा	२	२			
	सार्वजनिक उपयोगको क्षेत्रको सिमाङ्कन गर्ने ।	वडा		४	५		
	धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रको मर्मत सम्भार र संरक्षण गर्ने ।	वडा	४	४	१		
	वडा नं १, २ र ३ मा रहेको त्रियुगा तथा सप्तकोशीको हजारौं हेक्टर नदीउकास जमीन सरकारी कायम गरी बसोबास निषेध गर्ने ।	वडा		३			
भूमिहीन मुक्त कार्यक्रम	भूमिहीन दलित र भूमिहीन सुकुमवासी परिवारको नियमित रुपमा लगत अद्यावधिक गर्ने ।	वडा	९				
	भूमिहीनहरुको व्यवस्थित बसोबासको लागि जग्गा पहिचान गरी योजनाबद्ध र मापदण्ड वमोजिमका घडेरी विकास गर्ने ।	नगर पालिका					
	भूमिहीन दलितलाई प्राथमिकता दिइ सबै भूमिहीनहरुलाई बसोबासको लागि विकसित घडेरी उपलव्ध गराउने ।	नगर पालिका					
	भूमिहीन दलितको लागि मापदण्ड वमोजिमका आवास निर्माण गरिदिने गैरसरकारी संस्थालाई आवश्यक सहयोग र प्रोत्साहन गर्ने ।	नगर पालिका					
	भूमिहीनहरुको लागि लक्षित वर्ग सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने ।	नगर पालिका					
व्यवस्थित वस्ती नीति तर्जुमा	बस्तीमा रहने परिवारसंख्या, एकीकृत बस्तीको क्षेत्रफल, भित्री सडक, खुला क्षेत्र, घडेरीको न्यूनतम क्षेत्रफल र निर्माण गर्दा छोडनुपर्ने क्षेत्र, प्रत्येक घरमा हुनुपर्ने विरुवासंख्या, घरको बनावट र फोहर व्यवस्थापन सम्वन्धी मापदण्ड र कार्यान्वयन-कार्यविधि बनाइ लागु गर्ने ।	नगर पालिका					
	आवासको लागि आवासीय क्षेत्रमा मापदण्ड पुग्ने जग्गा मात्र किन वेच र निर्माण स्वीकृति दिने ।	नगर पालिका					
व्यवस्थित बस्ती विकास	भित्री बस्तीहरुमा ठाडा खोलाहरुको किनारबाट पहुँचमार्ग निर्माण गर्ने ।	वडा			३	४	
	मौजुदाबस्तीमा रहेका सरकारी प्रकृतिका जग्गा छुट्याई सार्वजनिक उपयोगमा ल्याउने ।	नगर पालिका					
	नयाँ वस्तीमा जनउपयोगी पूर्वाधार सेवा (खानेपानी, सडक, ढल, विद्युत, संचार)हरु सेवाप्रवाहक्षेत्र (utility corridor) मार्फत भूमिगत रुपमा प्रवाह गर्ने ।	नगर पालिका				२	

	बसोबास क्षेत्रमा उत्पादनमुलक (फलफूल) तथा सडक किनार र सार्वजनिक स्थलहरुमा सदावहार र सौन्दर्यमुलक वृक्षारोपण गर्ने ।	नगर पालिका	१	३	४	१	
	नयाँ विकास गरिने बस्तीहरुमा विद्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, बैंक तथा वित्तीय संस्था, सामुदायिक भवनको लागि समेत जग्गा उपलव्ध हुने सुनिश्चित गर्ने ।	नगर पालिका					
	वन तर्फ आमोदकमोत सम्वन्धी गतिविधिको संक्रमण फैलन नदिन वस्ती र वन क्षेत्रको सीमाना यकीन गर्ने ।	नगर पालिका					
व्यवस्थित बसोबासमा निजी क्षेत्र	बसोबासको लागि जग्गा किन्दा व्यवस्थित घडेरी किनेर घर बनाउने प्रवृतिलाई प्रोत्साहित गर्ने ।	नगर पालिका					
	आवासीय क्षेत्रमा मापदण्ड वमोजिम आवास गृहहरु निर्माण गरी बिक्री गर्न निजी क्षेत्रलाई स्वीकृति दिने ।	नगर पालिका					
	निजी क्षेत्र मार्फत फरक आर्थिक क्षमताका व्यक्तिहरुको लागि विभिन्न वर्गका व्यवस्थित घडेरी विकास गरी सहजरुपमा उपलव्ध गराउने	नगर पालिका					
खाद्य आत्मनिर्भरताका लागि उत्पादन	बाँझो र खेती योग्य सरकारी जमीन उत्पादनमूलक कृषि कार्यको लागि न्यून आय वर्गलाई प्राथमिकता दिइ लिजमा दिने ।	नगर पालिका					
	वडा नं १, २ र ३ मा रहेको कोशी र त्रियुगाको नदीउकास जमीनमा सामुहिक खेती, सहकारी खेती, माछापालन जस्ता व्यवसायिक कृषि प्रयोजनमा विपन्न परिवार तथा निजी क्षेत्रलाई भाडा/करारमा उपलव्ध गराउने ।	वडा	२	१			
	कोल्डस्टोर निर्माणको लागि जमीन उपलव्ध गराइ व्यवसाय सञ्चालन गर्न लिज/करारमा लिन चाहनेलाई प्रोत्साहित गर्ने ।	नगर पालिका					
	कृषि उत्पादन संकलन केन्द्रको लागि जमीन उपलव्ध गराइ व्यवसाय सञ्चालन गर्न लिज/करारमा लिन चाहनेलाई प्रोत्साहित गर्ने ।	नगर पालिका					
	मकैमा आधारित प्रशोधित खाद्यान्न तथा दाना उद्योग स्थापना गर्न प्रोत्साहित गर्ने ।	नगर पालिका					
	बाँस जन्य उद्योग स्थापना गर्न प्रोत्साहित गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने ।	वडा		३	१	२	
	कृषि तथा वन पैदावरमा आधारित औद्योगिक ग्रामहरुको स्थापना र सञ्चालन गर्न प्रोत्साहित गर्ने ।	नगर पालिका					
सार्वजनिक उपयोगका लागि जमीन व्यवस्थापन	प्रत्येक वडामा किरियापुत्री घर, सामुदायिक भवन, शवदाहस्थल, पशुवधशाला, काञ्जीहाउस, सवारी साधन मर्मत केन्द्र (वर्कशप) का लागि स्थान निर्धारण गर्ने ।	नगर पालिका					
	प्रत्येक वडामा बजार क्षेत्र, स्थानीय उत्पादन संकलन तथा विक्री केन्द्र, हाटवजारस्थल, सपिङ्गमलको लागि स्थान निर्धारण गर्ने ।	नगर पालिका					

	प्रत्येक वडामा बाल उद्यान, ज्येष्ठनागरिक मनोरञ्जन स्थल, संग्राहलय, नर्सरी, प्राणी उद्यान, योग ध्यान केन्द्रका लागि स्थान तोक्ने ।	नगर पालिका					
	स्थानीय तहमा बसपार्क, यात्रुविश्रामस्थल, पेट्रोलपम्प, विद्यूतीय गाडी चार्जिङ्ग श्टेशन, सार्वजनिक शौचालय, सार्वजनिक धारा, प्याराग्लाईड श्टेशन, हेलिप्याड र रोपवे श्टेशनको लागि उपयुक्त स्थान तोक्ने ।	नगर पाकिला					
	पानीको स्रोत र सडकको पहुँच हेरी दमकल श्टेशनको लागि स्थान तोक्ने ।	नगर पालिका					
पूर्वाधार विकासको लागि जमीनको व्यवस्थापन	स्थानीय तहमा फोहरमैला ल्याण्डफिल्ड साइट, खुला क्षेत्र, वाटरपार्क, खेल मैदान, सभाहल, रङ्गशाला, भ्यूटावरको उपयुक्त स्थान तोक्ने ।	नगर पालिका					
	विद्यूत, सडक, ढल र पानी जस्ता पूर्वाधार निर्माण गर्न सहज हुने स्थानमा औद्योगिक क्षेत्रको लागि जमीन छुट्याउने ।	नगर पालिका					
	आर्थिक पूर्वाधार-बैकिङ्ग, बीमा, पुँजीबजार, गैर-बैंकिङ्गवित्तीय क्षेत्र र सहकारी नगरमा प्रवेश र स्थायित्वको लागि क्षेत्र निर्धारण गर्ने ।	नगर पालिका					
पर्यटन प्रवर्द्धन	नगरका वडा नं ५, ६, ७ र ८ का पहाडी भू-भाग र कोशी किनारमा पर्यटकीय पूर्वाधारको विकास निर्माण र संचालनमा लगानी बढाउने	वडा	२	२			
	वडा नं ५, ६, ७ र ८ का पर्यटकीय क्षेत्रमा पदमार्ग निर्माण र सम्भाव्य ठाउँहरुमा रोपवे सञ्चालन गर्ने ।	वडा		२	२		
	पहाडी बस्तीका नागरिकलाई निर्वाहमुखी खेती प्रणालीबाट ग्रामीण पर्यटनमुखी व्यवसायतर्फ रुपान्तरण गराउन प्रोत्साहन गर्ने	नगर पालिका					
	पर्यटकीय क्षेत्रमा होमस्टेहरु सञ्चालन गर्न प्रोत्साहन गर्ने	नगर पालिका					
	धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थान, रोमाञ्चक खेल क्षेत्र, सुनसरीको वराह क्षेत्र र कोशी टप्पू वन्यजन्तू आरक्ष लगायतका क्षेत्र समेटेर पदमार्ग (ट्रेकिङ्ग रुट) निर्माण गर्ने,	नगर पालिका					
	पर्यटकीय सम्पदाको तसबीर, महत्व, पुग्ने साधन र रुट, लाग्ने समय, बासको सुविधा, मोटामोटी खर्च वारेमा सुचना प्रविधि मार्फत प्रचार प्रसार र पालिकाको वेवसाइटमा अध्याधिक गर्ने ।	नगर पालिका					
पर्यटनमा निजी क्षेत्र	पदयात्रालाई सहज र आनन्ददायी बनाउन पर्यटकीय पदमार्गमा प्रतिक्षालय, विश्रामस्थल, सुविधायुक्त शौचालय, खानेपानीका धाराहरु, सञ्चार सुविधा, भ्यूटावर, सफा र उचितमूल्य रेष्टुरेण्ट, औषधीपसल सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने	नगर पालिका					
	पर्यटकको बसाई लम्ब्याउन गुणस्तरीय होटल, मोटेल,लज, विद्यूत, ईन्टरनेट साँस्कृतिक कार्यक्रम, स्थानीय खेल, जंगल सफारी, घोडचढी, स्थानीय भेषभुषाको प्रयोग, प्याराग्लाइडिङ, वोटिङ,	नगर पालिका					

	फिसिङ्ग, स्थानीय परिकार, च्याफ्टिङ्ग, स्वीमिङ्ग, ट्रेकिङ्ग, र दृष्यावलोकन जस्ता गतिविधिको प्याकेज तर्जुमा प्रचार प्रसार र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।						
वातावरण संरक्षण	जलवायु संकटासन्नता विश्लेषणका आधारमा जोखिम क्षेत्र पहिचान र उपयुक्त योजना (तटवन्ध, वृक्षारोपण, वस्ती स्थानान्तरण) तर्जुमा गर्ने ।	नगर पालिका					
	साविकका पोखरीहरुको संरक्षण गर्ने र पोखरी नभएका वडामा पूनर्भरण पोखरीहरुको निर्माण गर्ने ।	नगर पालिका					
	कोशीटप्पूका वन्यजन्तु र मानव बीचको द्वन्द्व न्यूनीकरण गर्न वाली विविधीकरण गर्ने ।	नगर पालिका					
	उपयोगविहिन पर्ति जग्गा, हैसियत विग्रेको वन र नदी किनारमा सजिलै हुर्कने जात वृक्षारोपण गरी स्वच्छ वातावरण निर्माण गर्ने ।	नगर पालिका					
	रासायनिक मल एवं विषादीलाई प्रतिस्थापन गर्न प्रांगारिक मल एवं विषादी उत्पादन उद्योगलाई अनुदान दिने ।	नगर पालिका					
	जलवायु अनुकुलनका अभ्यास (जस्तै पानी मैत्री, खाद्यतत्व मैत्री, कार्वनमैत्री, बीउ/जात मैत्री आदि) प्रवर्धन र विस्तार गर्ने ।	नगर पालिका					
	नदी उकास र ठाडाखोला आसपासका वस्तीमा वीपद न्यूनीकरणको लागि Early Warning System (EWS) जडान गर्ने ।	नगर पालिका					
	ईन्धनको लागि जंगलमा निर्भर समुदायलाई सुधारिएको चुलो तथा गोबर ग्यास निर्माणमा अनुदान दिने ।	नगर पालिका					
	विद्यूतको पहुँच भएका स्थानमा विद्यूतीय चुलो खरिदमा अनुदान दिने ।	नगर पालिका					
	सडक किनारामा सञ्चालित व्यवसाय, पुराना र बढी धुँवा फाल्ने गाडी र अनावश्यक हर्न बजाउने कार्यलाई निषेध गर्ने ।	नगर पालिका					
	औधोगिक क्षेत्रमा विद्युतीय यन्त्र उपकरणलाई प्रोत्साहन गर्ने र क्षेत्र वरपर वृक्षारोपण गर्ने ।	नगर पालिका					

११. कार्यान्वयन

भूउपयोग योजनामा लक्षित गरिएका कार्यक्रमहरु स्थानीय तहले प्राथमिकता निर्धारण गरी आर्थिक क्षमताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

१२. अनुगमन तथा मूल्यांकन

भूउपयोग परिषद् मार्फत स्वीकृत गरे पश्चात भूउपयोग योजना कार्यान्वयनको प्रकृया अघि बढाईनेछ । योजना कार्यान्वयनको लागि भूउपयोग कार्यान्वयन समितिले नेतृत्व लिने र योजनाको प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित नगरपालिकाको योजना शाखाले गर्ने छ ।

भूउपयोग योजना कार्यान्वयनको लागि कार्यतालिका तयार गरी प्रगति प्रतिवेदनको माध्यमबाट स्थलगत अनुगमन गरिने छ। कार्यान्वयन कै चरणमा कार्यस्थलमा पुगी सुधारात्मक उपायहरु अवलम्वन गर्न/गराउन सक्षम टोलीको प्रवन्ध गरिनेछ । अनुगमनका क्रममा देखेका सुधार गर्नुपर्ने कुराहरु तत्काल सुधार गर्न अनुगमन टोलीले प्रकृया अघि बढाउन संस्थागत निर्णय लिइनेछ ।

१३. सन्दर्भ सामग्री

- भूउपयोग नीति, २०७२
- भूउपयोग ऐन, २०७६
- वेलका नगरपालिकाको वस्तुगत विवरण, २०७५
- वेलका नगरपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना, २०७६
- वेलका नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट, २०७८/०७९
- सहभागीतामूलक भूउपयोग योजना तर्जुमा सम्बन्धी स्रोत सामग्री, २०७८